// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असोज १० गते २०५१ साल (संख्या २४

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

# नेपाल नागरिकता (पहिलो संशोधन) नियमावली, २०५१

नेपाल नागरिकता ऐन, २०२० को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "नेपाल नागरिकता (पहिलो संशोधन) नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ मा संशोधन</u> नेपाल नागरिकता नियमावली, २०४९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-



228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

" (४) उपनियम (३) को प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीले देहायका कुराहरुलाई समेत आधार लिन सक्नेछ :-

(क) कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नु पर्ने स्याहा श्रेस्ता वा कागजपत्रमा त्यस्तो व्यक्तिको नाम, जन्म स्थान, वासस्थान वा वैवाहिक सम्बन्ध सम्बन्धी कुराहरु उल्लेख गरेको लिखत,

(ख) कुनै अदालत, सरकारी कार्यालय, सरकारी अधिकारी वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त कुनै व्यक्तिबाट प्रकाशन भएको वा तयार गरिएको लिखतमा त्यस्तो व्यक्तिको नाम, जन्म स्थान, स्थायी वासस्थान वा वैवाहिक सम्बन्ध सम्बन्धी कुराहरु उल्लेख गरेको लिखत ।"

३. मूल नियमावलीमा नियम ३क. थप : मूल नियमावलीको नियम ३ पछि देहायको नियम ३क. थपिएको छ :-

"३क. जन्मसिद्ध नागरिकता सम्बन्धी विशेष व्यवस्था : ऐनको दफा ९ को उपदफा (२) बमोजिम कुनै व्यक्ति विदेशी मुलुकको र नेपालको नागरिक जन्म र वंशजको नाताले एक साथ भएकोमा त्यस्तो व्यक्तिले सोही उपदफाको प्रतिवन्धात्मक वाक्यांशमा उल्लिखित मिति ( सम्वत् २०३७ साल चैत्र मसान्त) सम्ममा नेपाल नागरिकता नियमावली, २०२५ को नियम ७ बमोजिमको कार्यविधि पूरा गरी नेपाली नागरिकता रोजेको आवेदनपत्र दिएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आवश्यक जाँचबुझ गरी आवेदक नेपाली नागरिक हो भन्ने लागेमा निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (५) मा रहेका "नियम ३ को उपनियम (३) मा उल्लिखित कुरालाई समेत आधार मान्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "नियम ३ को उपनियम (४) मा उल्लिखित कुराहरुलाई समेत आधार लिन सक्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल नियमावलीमा नियम ४क. थप : मूल नियमावलीको नियम ४ पछि देहायको नियम ४क. थपिएको छ :-

"४क. अंगीकृत नागरिकता सम्बन्धी विशेष व्यवस्था : नियम ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यको संविधान, २०४७ प्रारम्भ हुनु अघि प्रचलित नेपालको संविधान, २०१९ तथा ऐन बमोजिम नेपालको अंगीकृत नागरिकता पाउन सक्ने आधारमा कुनै विदेशीले नेपालको अंगीकृत नागरिकता पाउनको लागि नेपाल नागरिकता नियमावली, २०२५ बमोजिम आवश्यक कार्यविधि पूरा गरी आवेदनपत्र दिएको भए श्री ५ को सरकारले आवश्यक जाँचबुझ गर्दा आवेदकलाई अंगीकृत नागरिकता प्रदान गर्न उपयुक्त देखेमा अनुसूची-४ बमोजिमको ढाँचामा नेपालको अंगीकृत नागरिकताको प्रमाणपत्र दिनेछ ।"

६. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको अनुसूची-२ र अनुसूची-४ को सट्टा यसैसाथ संलग्न अनुसूची-२ र अनुसूची-४ राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२
(नियम ३ को उपनियम (३) र नियम ३क सँग सम्बन्धित)
श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
... ... ... ... ... ... ... ।

## नेपाली नागरिकताको प्रमाण-पत्र

ना.प्र.नं. :-

फोटो

नाम, थर :- ... ... ... ... ... ... ... ... ... ...
जन्मस्थान :- जिल्ला :- ... ... ... गा.वि.स./न.पा. ... ... ... ...
वडा नं. :- ... ... ... टोल :- ... ... ... ... ... ...
स्थायी वासस्थान :- जिल्ला :- ... ... ... गा.वि.स./न.पा. ...
... ... वडा नं. :- ... ... ... टोल :- ... ... ... ...

जन्म मिति :- ... ... ... ... ... ... ... ... ...
बाबुको नाम थर, ठेगाना :- ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

पतिको नाम थर ठेगाना :- ... ... ... ... ... ... ... ... ... ... ... ... ...

नेपाल नागरिकता ऐन, २०२० बमोजिम यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।

नागरिकताको किसिम -
प्रमाणपत्र पाउने व्यक्तिको सही -

औंठाका छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

प्रमाणपत्र दिने अधिकारीको -

दस्तखत -
नाम, थर -
दर्जा -
मिति -

मुद्रण विभाग, सिंहदरबार



२६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४
(नियम ४ को उपनियम (६), नियम ४क. र नियम ६ को उपनियम (३) सँग सम्बन्धित)
श्री ५ को सरकार
गृह मन्त्रालय

**अंगीकृत नेपाली नागरिकताको प्रमाण-पत्र**

ना.प्र.नं. :-

फोटो

नाम, थर :- ... ... ... ... ... ... ... ...
जन्मस्थान :- ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ...
हालको ठेगाना :- जिल्ला :- ... ... ... ... गा.वि.स. / न.पा. :- ...
... ... वडा नं. :- ... ... ... टोल / गाउँ :- ...
... ... ...
जन्म मिति :- ... ... ... ... ... ... ... ...
बाबुको नाम थर, ठेगाना :- ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ...
पतिको नाम थर ठेगाना :- ... ... ... ... ... ... ... ... ...
निर्णय मिति :-

नेपाल नागरिकता ऐन, २०२० तथा नेपाल नागरिकता नियमावली, २०४९ को नियम ४ / ४क. बमोजिम यो अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र पाउने व्यक्तिको सही :-

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको -

दस्तखत :-
नाम, थर :-
दर्जा -
मिति -

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको सचिव

५६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यबाट निकासी गरिने हस्त निर्मित ऊनी गलैचा उत्पादनमा प्रयोग गरिने ऊनी धागो हातले कातेको (Hand Spun) हुनु पर्ने गरी तोकेको छ ।

### सूचना २

श्री ५ को सरकारले नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७ को दफा १० को उपदफा (१) र दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभित्र उत्पादन गरिने र आयात गरिने फलामे छड (Cold Twisted Deformed Steel Bar) को गुणस्तर नेगुण १६१–२०४६ (कंक्रिट प्रवलीकरणको लागि प्रयोगमा ल्याइने इस्पातको आकृति डण्डी तथा तार भएको) अनुसार हुनु पर्ने गरी तोकेको छ ।

आज्ञाले,
विमलप्रसाद कोइराला
श्री ५ को सरकारको का.मु. सचिव



२६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

उद्योग मन्त्रालयका सचिव श्री पुण्यप्रसाद दाहाल क्यालगरी क्यानाडा र ह्युस्टन अमेरिकामा हुने नेपाल पेट्रोलियम प्रवर्द्धन बैठकमा र संघीय गणतन्त्र जर्मनीको संसदले आयोजना गरेको नेपाली उच्चपदस्थ अधिकृतहरूको लागि जर्मनीमा पर्यटन विकास र वातावरण संरक्षण विषयको अध्ययन भ्रमणमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विमलप्रसाद कोइरालालाई मिति २०५१।५।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जलस्रोत मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय नर्वेमा आयोजना हुने Conference on Hydropower and Environment–Differences in Policies and Priorities विषयको सम्मेलनमा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रत्नेश्वरलाल कायस्थलाई मिति २०५१।५।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
बलरामसिंह मल्ल<br>
श्री ५ को सरकारको सचिव

---

### भूलसुधार

खण्ड ४३, संख्या ४५ मिति २०५०।११।१६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रमसंख्या २ को खण्ड (ङ) मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका जिल्लाहरूमा गौरा पर्व (गौरी पूजन) भाद्र कृष्ण अष्टमी भाद्र १३ गते सोमबारका दिन, एक दिन हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

गृह मन्त्रालय ।



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

२५६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।